# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०४।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिका वडा नं. ६ पनेबाज मौरीभिटा देखि वडा नं. ७ र ८ को बन्तोली बोहरीगाउँको सडकखण्ड निर्माणको लागत इष्टिमेटमा कडा चट्टानको भाग बढी देखाई वास्तविकभन्दा बढी भुक्तानी भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिकाका **निमित्त प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र बहादुर विष्टले** आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई कटिङ गर्दा बढी दररेट रहेको Hard Rock को परिमाण अस्वभाविक रुपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर गरी निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी रु.२६,०२,५५६।११ बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिमको कसुर गरेको देखिँदा निज सुरेन्द्र बहादुर विष्टलाई रु.२६,०२,५५६।११ (छब्बीस लाख दुई हजार पाँच सय छपन्न रुपैयाँ र पैसा एघार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुनसमेत मागदाबी लिइएको छ।

जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिकाका **इन्जिनियर सन्तोष पाण्डेयले** आ.व. २०७४/०७५ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा अस्वभाविक रुपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर सहित सहमति जनाई निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन बनाई रु.११,३०,२७२।६७ बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिमको कसुर गरेको देखिँदा निज सन्तोष पाण्डेयलाई रु.११,३०,२७२।६७ (एघार लाख तीस हजार दुई सय बहत्तर रुपैयाँ र पैसा सठसट्ठी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुन मागदाबी लिइएको छ।

जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिकाका **तत्कालीन इन्जिनियर राजेन्द्र सिंह धामीले** आ.व. २०७५/०७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा अस्वभाविक रुपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर सहित सहमति जनाई निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन बनाई रु.१४,७२,२८३।४३ बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिमको कसुर गरेको देखिँदा निज राजेन्द्र सिंह धामीलाई रु.१४,७२,२८३।४३ (चौध लाख बहत्तर हजार दुई सय त्रियासी रुपैयाँ र पैसा त्रिचालीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुनसमेत मागदाबी लिइएको छ।

जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिकाका **सब-इन्जिनियर दिपक सिंह बिष्टले** आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा अस्वभाविक रुपमा बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई हस्ताक्षर गरी निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई कार्यसम्पन्न प्रतिवेदन बनाई रु.२६,०२,५५६।११ बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिमको कसुर गरेको देखिँदा निज दिपक सिंह बिष्टलाई बढी भुक्तानी दिएको रु.२६,०२,५५६।११ (छब्बीस लाख दुई हजार पाँच सय छपन्न रुपैयाँ र पैसा एघार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी सोही दफा बमोजिम बिगो रकम असुल उपर हुनसमेत मागदाबी लिइएको छ।

जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिका पनेबाज बन्तोली बगौरा सडक निर्माण उपभोक्ता समितिका **अध्यक्ष जनक राज जोशी, सचिव धनन्जय जोशी तथा कोषाध्यक्ष जानकी बडू जोशीले** आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ मा संचालित पनेबाज बन्तोली बगौरा सडक खन्ने कार्यमा फिल्डको वास्तविक तथ्य बँग्याई अस्वभाविक रुपमा बढी मूल्याङ्कन गर्न लगाई निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको कार्यको मूल्याङ्कन गराई बास्तविक रुपमा भएको कार्यभन्दा बढीको भुक्तानी माग गरी रु.२६,०२,५५६।११ बढी भुक्तानी लिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिमको कसुर गरेको देखिँदा निज जनक राज जोशी, धनन्जय जोशी र जानकी बडू जोशीलाई रु.२६,०२,५५६।११ (छब्बीस लाख दुई हजार पाँच सय छपन्न रुपैयाँ र पैसा एघार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन तथा सोही दफा बमोजिम बिगो रकमसमेत जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल